राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
३ नं. प्रदेश, नेपाल
२०७३

☎: ०५६-५५००१५

प.सं. ०७४/०७५
च.नं. २६६०

मिति २०७४।१२।३०

एकीकृत सम्पत्तिविवरण पेश गर्नेबारे सम्पत्तिधनीहरूलाई अत्यन्त जरुरी सूचना ।

यस राप्ती नगरपालिकाले हालसम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस नगरपालिकाको स्थानीय आर्थिक ऐन, २०७४ बमोजिम आ.व. ०७५/७६ देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकाले नगरपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी नगरपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

सम्पत्तिको विवरण दाखिला गर्ने फाराम राप्ती नगर कार्यपालिकाको कार्यालयबाट यही २०७५ बैसाख २ गते देखि यस नगरपालिका तथा वडा कार्यालयहरुबाट वितरण हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी यही बैसाख मसान्त भित्र नगर कार्यपालिकाको कार्यालयमा वा सम्बन्धित वडा कार्यालयमा व्यक्तिको नाममा भएका सम्पत्ति विवरण दाखिला गर्नुहुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन् । नगरपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ-आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।

एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. ०७४/७५ सम्मको मालपोत र भूमिकर चुक्तागर्नु पर्नेछ । एकीकृत सम्पति कर तिरेपछि सो घर र जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत जानकारी गराइन्छ ।

संलग्न गर्नुपर्ने कागजात

१. नागरिकता गर्नुपर्ने कागजात
२. जग्गाधनी पूर्जाको प्रतिलिपी
३. घर टहराको स्वीकृत नक्सा
४. गत आ.व.को मालपोत तिरेको रसिदको फोटोकपी

पुनश्च :

- व्यक्तिको नाममा राप्ती नगरपालिका भर भएको सम्पत्तिको विवरण एउटै फारममा भरी स्थायी ठेगाना भएको वडामा बुझाउनु पर्ने
- प्रत्येक व्यक्तिको नाममा रहेको जग्गाको प्रत्येक व्यक्तिले फारम भर्नुपर्नेछ ।
- राप्ती नगरपालिका बाहिर स्थायी ठेगाना भएका व्यक्तिहरुले जग्गामा रहेका कुनै एक वडामा आफ्नो सम्पूर्ण विवरण पेश गर्न सक्नेछ ।

०७४।१२।३०

मिठाराम हुमागाई
प्रमुख प्रशासकीय अधिकृत